श्रमको सम्मान, राष्ट्रको अभियान

संदीप कुमार साह

(रोजगार संयोजक)

परोहा नगरपालिका, रौतहट

श्रमको सम्मान, राष्ट्रको अभियान

श्रमको सम्मान किन....

- धारा १७ (२) च (१) – श्रमप्रति अवहेलना गर्न नहुने ।
- धारा १८ (४) – समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा समाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन् ।
- धारा १९ (१) – श्रमप्रति अवहेलना, जातीय छुवाछुत एवम् लैङ्गिक भेदभाव हुने सञ्चार गर्न नहुने ।
- धारा ३३ – प्रत्येक नागरिकलाई रोजगारीको हक हुने ।
- धारा ३४ (२) – प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योग्दानमा आधारित सामाजिक सुरक्षाको हक हुने ।

श्रमको सम्मान, राष्ट्रको अभियान

श्रमको सम्मान किन....

- धारा ४२ – सामाजिक न्यायको हक हुने ।
- धारा ५० (२) – सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य एवम् श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरुको विकास गर्ने ।

निश्कर्षः काम र श्रमिकप्रति समाजको धारणा र मान्यतामा सापेक्ष परिवर्तन भएमा मात्र युवा जनशक्तिलाई मुलुकभित्रै आन्तरिक रोजगारीमा परिचालन हुने सहज अवस्था सिर्जना हुन्छ ।

श्रमको सम्मान, राष्ट्रको अभियान

रणनीतिको दीर्घकालीन सोच

श्रम तथा श्रमिकको मर्यादा अभिबृद्धी तथा आन्तरिक रोजगार प्रवर्द्धन गर्नु

श्रमको सम्मान, राष्ट्रको अभियान

उद्देश्यः

(क) रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गरी नागरिकलाई न्यूनतम रोजगारीका अवसरमा संलग्न गराउने ।

(ख) मुलुकको श्रम तथा रोजगारीका क्षेत्रमा न्यूनतम मानवीय मर्यादालाई कायम राख्न काम तथा श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन ल्याउने ।

(ग) श्रम तथा रोजगारीका क्षेत्रमा कुनै खास वर्ग वा समुदायलाई विशेष व्यवस्था गरेको वाहेक व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य सबै प्रकार भेदभावलाई न्यूनिकरण गर्दै लैजाने ।

(घ) आन्तरिक रोजगारीका अवसरमा मुलुकके श्रमशक्तिको प्रयोग हुने वातावरण सृजना गर्न प्रवर्द्धनात्मक क्रियाकलाप गर्ने ।

(ङ) अन्तर तह, अन्तर निकाय र निजी क्षेत्रसंग वहुपक्षिय साझेदारी तथा समन्वय गर्ने ।

श्रमको सम्मान, राष्ट्रको अभियान

उद्देश्यः

१. अभियान/कार्यक्रम सञ्चालन गर्ने/न्यूनतम् रोजगारीमा संलग्न गराउने

२. सम्मान/मर्यादा अभिवृद्धि गर्ने/व्यवहारमा परिवर्तन ल्याउने

३. सचेतना अभिवृद्धि गर्ने/भेदभाव न्यूनीकरण गर्ने

४. प्रवर्द्धनात्मक क्रियाकलाप गर्ने/स्वदेश मै काम गर्ने संस्कृतिको विकास गर्ने

५. साझेदारी र समन्वय गर्ने/

श्रमको सम्मान, राष्ट्रको अभियान

कार्यनीति/कार्यक्रम:

उद्देश्य १ संग सम्बन्धित कार्यनीति

(क) रोजगारीको हकसम्बन्धी ऐन तथा नियमावली एवम् प्रधानमन्त्री रोजगार कार्यक्रमले परिभाषित गरे बमोजिम बेरोजगार व्यक्तिको अधिकार, आवेदन प्रक्रिया तथा रोजगारीमा संलग्न गराउने प्रक्रियाका सम्बन्धमा सचेतनामूलक कार्यक्रम **"न्यूनतम रोजगार, नागरिकको अधिकार"** सञ्चालन गरिनेछ ।

(ख) रोजगार सेवा केन्द्रबाट एकिकृत रोजगारमूलक सेवा प्रदान गर्न तीनै तहका सरकार बीच सञ्चार, समन्वय र प्रवर्द्धनात्मक अभियान **"स्थानीय सरकार, रोजगारीको आधार"** सञ्चालन गरिनेछ ।

श्रमको सम्मान, राष्ट्रको अभियान

(ग) प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्देश्य र कार्यनीतिका सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधी, कर्मचारी तथा नागरिक समाजसंग नियमित छलफल र अन्तरक्रिया गर्ने कार्यक्रम **"आफ्नै पौरख, आफ्नै गौरव"** सञ्चालन गरिनेछ।

(घ) तीनै तहमा रोजगार सम्वाद मञ्चको गठन तथा सञ्चालन गरी उपलव्ध रोजगारीका अवसर तथा सम्भावनाको पहिचान, समस्याको निदान र रोजगारी सृजनाको नवीनतम उपाय एवम् ढाँचा तथा विधिको विकास र रोजगारी नीति र कार्यक्रमका सम्बन्धमा छलफल गर्ने क्रियाकलाप **"रोजगार नीति, विकासको विधि"** सञ्चालन गरिनेछ।

(छ) कार्यक्रमको क्रियाकलाप र उपलव्धिका सम्बन्धमा श्रव्यदृश्य सामग्री निर्माण तथा प्रशारण गरिनेछ।

श्रमको सम्मान, राष्ट्रको अभियान

उद्देश्य २ संग सम्बन्धित कार्यनीति

(क) कार्यस्थलमा हुने सबै प्रकारका भेदभाव कानुन बमोजिम दण्डनीय हुने व्यवस्थाका सम्बन्धमा सचेतनामूलक अभियान **"श्रमिकको सम्मान"** कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) एउटै प्रकृतिको कामको ज्यालामा भेदभाव नभएको सुनिश्चित गर्ने अभियान **"समान काम समान ज्याला"** सञ्चालन गरिनेछ ।

(घ) समाजका विशिष्ट व्यक्तित्वलाई परिचालन गरी श्रमिकको सम्मान गर्ने र भेदभाव गर्न नहुने विषयलाई सञ्चार गरिनेछ ।

(ङ) नेपालमा उपलव्ध रोजगारीका अवसरमा नेपालीलाई संलग्न गराउन सीप तथा क्षमताको विकास, पुनर्ताजगी तथा स्तरोन्नतीका लागि सहकार्य र समन्वय गर्न तथा मुलुकका श्रमशक्तिलाई स्थानीय श्रम बजारको माग बमोजिमको सीप तथा क्षमता अभिबृद्धी गर्ने अभियान **"सीप सिकौं, रोजगार बनौं"** कार्यक्रम सञ्चालन गरिनेछ ।

श्रमको सम्मान, राष्ट्रको अभियान

उद्देश्य ३ संग सम्बन्धित कार्यनीति

(क) मानव अधिकारका सर्वमान्य सिद्धान्तलाई ध्यानमा राखी श्रम तथा रोजगारीका क्षेत्रमा हुने सबै प्रकारका भेदभाव हटाउन सचेतनामूलक क्रियाकलाप गरिनेछ ।

(ग) समाजका प्रतिष्ठित व्यक्तिलाई सार्वजनिक कार्यहरुमा सहभागी गराई रोजगारी सानो वा ठुलो हुदैन भन्ने सचेतना जगाउने अभियान सञ्चालन गरिनेछ ।

(घ) परम्परागतरुपमा विशेष वर्ण र जातबाट हुने गरिने कार्यमा अन्य वर्ण र जातका व्यक्तिले काम गरी सफलता प्राप्त गरेको उदाहरणलाई प्रचार प्रसार गरी रोजगारी जातिगत / वर्णगत नहुने विषयका सम्बन्धमा सचेतनामूलक कार्य गरिनेछ ।

श्रमको सम्मान, राष्ट्रको अभियान

उद्देश्य ४ संग सम्बन्धित कार्यनीति

(क) मुलुकमा उपलव्ध रोजगारीका अवसरमा संलग्न हुन अभिप्रेरित गर्न रोजगार परामर्श सेवा उपलव्ध गराइनेछ ।

(ख) वित्तीय साक्षरता अभियान सञ्चालन तथा समन्वय गर्ने गराइनेछ।

(घ) रोजगारीका उपलव्ध सीप तथा क्षमता विकासका क्रियाकलापमा बेरोजगार व्यक्तिलाई संलग्न गराउन रोजगार विनिमय सेवा सञ्चालन गरिनेछ ।

(ङ) वैदेशिक रोजगारीको अवसर तथा चुनौतिलाई उजागर गर्ने एवम् सुरक्षित र मर्यादित आप्रवासनका सम्बन्धमा सचेतनामूलक क्रियाकलाप सञ्चालन गरिनेछ ।

(ज) मुलुकमा उपलव्ध रोजगारमूलक सेवा तथा सहुलियतपूर्ण कर्जाका सम्बन्धमा बेरोजगार व्यक्तिलाई परामर्श र सेवा प्राप्तिका लागि सहजिकरण गरिनेछ ।

श्रमको सम्मान, राष्ट्रको अभियान

उद्देश्य ५ संग सम्बन्धित कार्यनीति

(क) रणनीति कार्यान्वयनका लागि पत्रपत्रीका तथा मिडिया हाउसलाई अभिमूखिकरण गरी समाचार सम्प्रेषण गर्न अभिप्रेरित गरिनेछ ।

(ग) आन्तरिक रोजगारी प्रवर्द्धन हुने "मेक इन नेपाल" अभियान लगायत आन्तरिक रोजगार प्रवर्द्धन हुने सबै प्रकारका अभियानमा सञ्चालन साझा कार्यनीति तय गरी क्रियाकलाप सञ्चालन गरिनेछ ।

(घ) आन्तरिक रोजगारी प्रवर्द्धन हुने सबै प्रकारका रणनैतिक अभियानलाई स्थानीय तहमा कार्यान्वयन गरिदा रोजगार सेवा केन्द्रलाई परिचालन गरिनेछ ।

श्रमको सम्मान, राष्ट्रको अभियान

उपलब्धि:

- श्रम शोषणको अन्त्य हुने,
- काममा भेदभाव गर्ने मानसिकताको अन्त्य हुने,
- जनचेतनाको विकास हुने ।
- स्वदेश मै काम गर्ने संस्कृतिकको विकास हुने,
- व्यवसायिक हुने,

धन्यवाद

Contact No.: 9851188210

Email: sandeekumarsah210@gmail.com

Facebook: www.facebook.com/sandeep.shah.7330

Website: https://sandeepksah.com.np